ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 14.05.2026

## केन्द्रीय पूर्वोत्तर क्षेत्र विकास मन्त्री जे सिन्धिया सिक्किम आउँदै

केन्द्रीय उत्तर पूर्वी क्षेत्र विकास (डोनर) तथा सञ्चार मन्त्री ज्योतिरादित्य सिन्धिया आज, तीन दिने औपचारिक भ्रमणमा सिक्किम आइपुग्नुहुनेछ। यस भ्रमणको क्रममा, उहाँले राज्यमा चलिरहेका प्रमुख पूर्वाधार, पर्यटन र कनेक्टिभिटी परियोजनाहरूको समीक्षा गर्नुहुनेछ। निर्धारित कार्यक्रम अनुसार, केन्द्रीय मन्त्री साँझ ७ बजेतिर बागडोग्रा विमानस्थलमा आइ पुगे पछि, दक्षिण सिक्किमको नाम्चीको लागि प्रस्थान गर्नुहुनेछ । भोलि श्री सिन्धियाले सिक्किमको एक मात्र चिया बगान र राज्यको प्रमुख पर्यटकीय स्थलहरू मध्ये एक, तिमी चिया बगानको भ्रमणबाट आफ्नो कार्यक्रम थाल्नुहुनेछ। उहाँले याङ्ङ्गाङमा निर्माणाधीन भालेदुङ्गा रोपवे परियोजनाको निरीक्षण गर्नुहुनेछ र पर्यटन पूर्वाधार परियोजनाको प्रगतिको समीक्षा पनि गर्नुहुनेछ । अन्य कार्यक्रमहरु साथै केन्द्रीय मन्त्रीले गान्तोकमा 51 औं राज्य स्थापना दिवस समारोहमा प्रमुख अतिथिको रूपमा भाग लिनुहुनेछ ।

## सिक्किमका मुख्यमन्त्रीः क्याबिनेट मन्त्रीहरूसँग भेटघाट; इन्धन बचत गर्न उपायहरू

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आफ्नो सरकारी काफिलामा सवारी साधनको संख्या 50 प्रतिशतले घटाउने निर्णय गर्नुभएको छ, जसले प्रधानमन्त्री नरेन्द्र मोदीले हालै गरेको अपीलको सन्दर्भमा इन्धनको बचतमा उल्लेखनीय योगदान पुऱ्याउनेछ । सम्भव भएसम्म 50% कर्मचारीहरूको लागि work from home अर्थात घरबाटै काम गर्ने व्यवस्था लागू गर्ने प्रस्ताव गरिएको छ। श्री तामाङले एक वर्षको लागि विदेश यात्रा स्थगित गर्ने साथै शनिबार र आइतबारलाई गैर-कार्य दिवसको रूपमा कायम राख्न सुझाव दिनुभयो जसमा सरकारी सवारी साधनहरू चल्नेछैनन्। यस सम्बन्धमा गृह विभागले विस्तृत सूचना छुट्टै जारी गर्नेछ।

## निर्वाचन आयोगले सिक्किम सहित 16 राज्य र 3 केन्द्र शासित प्रदेशहरुमा मतदाता नामावलीको SIR सञ्चालन गर्न आदेश दिएको छ

भारतीय निर्वाचन आयोग (ECI) ले मतदाता सम्बन्धी recordहरू अद्यावधिक र सुदृढ गर्ने राष्ट्रव्यापी अभ्यासको एक भागको रूपमा सिक्किम सहित 16 राज्य र 3 केन्द्र शासित प्रदेशहरूमा मतदाता नामावलीको विशेष गहन संशोधन (SIR) सञ्चालन गर्न आदेश दिएको छ।

संशोधन अभ्यासको उद्देश्य आगामी चुनाव अघि मतदाता विवरणहरू प्रमाणित र अद्यावधिक गरेर मतदाता नामावलीमा शुद्धता र पारदर्शिता सुनिश्चित गर्नु हो। यस प्रक्रियामा योग्य मतदाताहरू थप्ने, दोहोरिएका वा अयोग्य प्रविष्टिहरू हटाउने र आवश्यक भएमा वर्तमान रेकर्डहरूमा सुधार गर्ने, समावेश हुनेछ।

रिपोर्टहरू अनुसार, SIR चरण तीन अभ्यास धेरै राज्यहरू र केन्द्र शासित प्रदेशहरूमा निर्वाचन आयोग र स्थानीय निर्वाचन अधिकारीहरूको पर्यवेक्षणमा गरिनेछ

## राष्ट्रपति सिक्किमको दुई दिने औपचारिक भ्रमणमा आउने सम्भावना

भारतकी राष्ट्रपति द्रौपदी मुर्मु सिक्किमको दुई दिने औपचारिक भ्रमणका लागि आउने सम्भावना छ। उहाँ 26 May मा सिक्किम पुग्ने अपेक्षा गरिएको छ। श्रीमती मुर्मुले 27 तारिख बिहान भारत-चीन सीमावर्ती नथुला क्षेत्रको भ्रमण गर्नुहुने र त्यसपछि सोही दिन सिक्किम विश्वविद्यालयको दीक्षान्त कार्यक्रममा जाने सम्भावना छ। राष्ट्रपतिले राज्यको भ्रमणको क्रममा धेरै सरकारी कार्यक्रमहरूमा पनि भाग लिने अपेक्षा गरिएको छ।

## ग्रामीण विकासलाई सुदृढ पार्न पाकिम जिल्ला अन्तर्गत VB-G RAM G सम्बन्धी परिचय सत्र सम्पन्न

अतिरिक्त जिल्लापाल (विकास) को कार्यालयद्वारा आयोजित रोजगार र अजीविका मिशन (ग्रामीण) को लागि विकसित भारत-ग्यारेन्टी फॉर रोज़गार (VB-G RAM G) सम्बन्धी परिचय सत्र आज पाकिमको Rurban कम्प्लेक्समा सम्पन्न भयो। कार्यक्रमको उद्देश्य पंचायती राज संस्थाका पदाधिकारीहरूलाई VB-G RAM G ऐनको प्रावधानहरूसँग परिचित गराउनु र नयाँ मापदण्डहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न ग्राम पञ्चायत एकाइहरू लाई मार्गदर्शन गर्नु थियो। भेलालाई सम्बोधन गर्दै, ADC (विकास) सांगे ग्याछो भुटियाले पानीसँग सम्बन्धित कामहरू मार्फत पानी सुरक्षा, ग्रामीण पूर्वाधार विकास, जीविकोपार्जनसँग सम्बन्धित पूर्वाधार र चरम मौसमी घटनाहरूको लागि न्यूनीकरण कार्यहरू जस्ता मिशनका प्रमुख केन्द्रित क्षेत्रहरूलाई प्रकाश पार्दै के जानकारी दिए भने मनरेगालाई अब VB-G RAM G ढाँचा अन्तर्गत पुनर्संरचना गरिएको छ। उनले प्रतिनिधिहरूलाई आ-आफ्नो क्षेत्रमा विकासलाई तीव्र बनाउन यस योजनाको उपयोग गर्न सल्लाह दिए। कार्यक्रममा जिल्ला पञ्चायत सदस्यहरू, पञ्चायत अध्यक्षहरू र विभिन्न ब्लकका BDO हरूले भाग लिएका थिए।

## उन्नति २०२४

भारत सरकारको उन्नति 2024 योजना अन्तर्गत लगानीकर्ता र उद्योग पहुँच कार्यक्रम, वाणिज्य तथा उद्योग मन्त्रालयको उद्योग तथा आन्तरिक व्यापार प्रवर्धन विभाग (DPIIT) ले आज गान्तोकमा सम्वाद कार्यक्रमको आयोजना गर्यो। (DPIIT) का निर्देशक अनिन्द्रय भट्टाचार्य प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।